# सामुदायिक क्रिसमस पार्टी

दर्शन

सामुदायिक क्रिसमस पार्टीले गैर-विश्वासीहरू भेला गर्छ र येशूको कथा र उहाँलाई थप जान्नको लागि निमन्त्रणा दिन्छ।

पार्टीको सुची

- समय र स्थान छान्नुहोस्
  - कार्यस्थलमा खाजाको प्रबन्ध
  - घरमा साँझ कार्यक्रमको प्रबन्ध
- २-५ चेला बनाउने नेताहरूलाई निम्तो दिनुहोस्।
- १५ देखि २० गैर-विश्वासीहरूलाई निम्तो दिनुहोस् [मोडेल]।
- गैर-विश्वासीहरूलाई निम्तो दिनुहोस् र उहाँहरूको साथीलाई निमन्त्रणा गर्न भन्नुहोस्।
- खाना किन्नुहोस्।

पार्टीको पहिला

- आउनेहरूका लागि प्रार्थना गर्नुहोस् (यदि तपाईंलाई नाम थाहा छ भने नामद्वारा प्रार्थना गर्नुहोस्)
- खानाको प्रबन्ध गर्नुहोस्
- ३-सर्कल क्रिसमसको कहानी बताउनु होस्

पार्टीको योजना

(२ मिनेट) सबैलाई जम्मा गर्नुहोस् र आउनु भएकोमा धन्यवाद दिनुहोस।
(३ मिनेट) एउटा क्रिसमस क्यारोल गाउनुहोस् (अनिवार्य छैन)।
(८ मिनेट) **३-सर्कल क्रिसमसको कहानी (उदाहरण हेर्नुहोस्)**।

- परमेश्वोरको कथा
- हाम्रो कथा
- क्रिसमसको कथा

(१ मिनेट) **पुन: भेटघाटको लागि निमन्त्रणा (उदाहरण हेर्नुहोस्)**

- यदि तपाईं यस बारे थप जान्न चाहनुहुन्छ भने, हामीलाई सम्पर्क गर्नुहोस्।
- के तपाईं आफैलाई सोध्न इच्छुक हुनुहुन्छ कि येशू तपाईंको लागि को हुन सक्नुहुन्छ भनेर...?

(१ मिनेट) **प्रार्थना गर्नुहोस्**

- येशूलाई उहाँले जे गर्नुभयो त्यसको लागि धन्यवाद दिनुहोस्।
- खानाको लागि धन्यवाद दिनुहोस्।

(३० मिनेट र माथि) **खानुहोस् र एक अर्कासँग चिनाजानी गर्नुहोस**

- चेलाहरूले सबै गैर- विश्वासीहरूसँग जोड्न प्रयास गर्नुहोस्।
- पुन: भेटघाटको लागि फोन नम्बर र नामहरू प्राप्त गर्नुहोस्।
- रमाइलो गर्नुहोस!

**पार्टी पछाडी (पुन: भेटघाट)**

नयाँ सम्पर्कमा आउनुभएकाहरुसँग पुन: भेटघाट गर्नुहोस:

- आएका सबै व्यक्तिहरुको प्रार्थनाका सूची बनाउनुहोस्।
    - यी प्रत्येक व्यक्तिको लागि दैनिक प्रार्थना गर्न शुरु गर्नुहोस्।
    - यदि धेरै पार्टीहरू संचालन गर्दै हुनुहुन्छ भने, क्रिसमसको मौसमसम्म नामहरू सङ्कलन गरिरहनुहोस्।
- नयाँ सम्पर्कहरूसँग जनवरीको शुरुवातमै कफी दौरान भेटघाट अथवा कुराकानी गर्न शुरु गर्नुहोस।

नयाँ निर्णयहरूको तालिम दिनुहोस:

- S.O.A.P.S. को तालिम (बचन, अवलोकन, लागु गर्नु, प्रार्थना, बाड्नु)
    - मत्ती ५-७
    - मत्ती २८:१८-२०
- C.H.A.T. को तालिम (स्वीकार, सम्मान, सोध्नु, धन्यवाद दिनु)
- साथी र आफन्तहरूको प्रार्थना सूची बनाउन तालिम
- गवाही र सुसमाचार बाड्न तालिम (३ सर्कल)
- जुमे (Zume) बाड्न तालिम (https://zume.training/ne)

---

**उदाहरणहरू**

**"पार्टीको निमन्त्रणा"**

"कृपया, आउनुहोस्, खानुहोस्, र हामीसँग क्रिसमस मनाउनुहोस्। हामी क्रिसमसको कथा र यो कसरी महत्त्वपूर्ण छ भन्ने बारेमा कुरा गर्न जाँदैछौं । केही ल्याउनु पर्दैन। हामी सबै खाना र पेय पदार्थहरूको व्यवस्था गर्छौं । ("लंच ब्रेकमा दोस्रो तल्लाको खाजा खाने कोठामा १२ बजे हामीलाई भेट्नुहोस!"

**"पुन: भेटघाटको को निमन्त्रणा"**

"यदि तपाईं थप जान्न चाहनुहुन्छ वा यो सन्देशमा प्रतिक्रिया दिन चाहनुहुन्छ भने हामी खाना खाइरहेका बेला वा भविष्यमा मसँग वा मेरा साथीहरूसँग कुरा गर्नुहोस्।"

**"३-सर्कल क्रिसमस बचन"**

के सबैले क्रिसमसको भावना "पृथ्वीमा शान्ति, मानिसहरूको लागि शुभ इच्छा" सुनेका छन्? गीतहरूमा? क्रिसमस सजावट मा? यो लूका २:१४ बाट आउँछ, ""स्वर्गमा परमेश्वरलाई महिमा, अनि जति मानिसहरूसँग परमेश्वर खुशी हुनुहुन्छ, तिनीहरूमा शान्ति रहोस्।"।"

क्रिसमसको ३ सर्कलले शुसमाचारको ३ सर्कलकै प्रतिनिधित्वो गर्छ तर सुसमाचारको कथालाई प्रकाशमा ल्याउनको लागि प्रसिद्ध क्रिसमसको भावना "पृथ्वीमा शान्ति"को प्रयोग गर्दछ।

प्रस्तुतिमा, संसारको अवस्था र हाम्रो हृदय (पहिलो सर्कल)लाई "पृथ्वीमा शान्ति छैन" सँग जोड्नुहोस्; "परमेश्वरले हामीलाई पृथ्वीमा शान्तिको लागि बनाउनु भयो" भनेर परमेश्वोरको हृदयलै संसारसँग जोड्नुहोस (दोस्रो सर्कल); परमेश्वरले आफ्नो पुत्र येशूलाई पठाएर उहाँमा विश्वास गरेर खुशी पार्ने मानिसहरू माझ "परमेश्वरले पृथ्वीमा शान्तिको बाटोको योजना गर्नुभयो" (तेस्रो सर्कल, अर्थात् क्रिसमस र इस्टर) भनेर जोड्नुहोस।

(३-सर्कल प्रशिक्षण भिडियो www.communitychristmas.party मा)